गजुरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ३ मितिः २०८२/०७/१६

**भाग-२**

**गजुरी गाउँपालिका**

## गजुरी गाउँपालिकाको त्रिशुली नदिमा जल यातायात सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना :**गजुरी गाउँपालिकाको क्षेत्र भित्र आफ्नो सीमाना भएर बग्ने त्रिशुली नदीमा जल यातायात सञ्चालन, व्यवस्थापन लगायतका कार्य गर्न वाच्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम गजुरी गाउँपालिकाद्वारा यो कार्यविधि पारित गरी लागू गरिएको छ ।

### परिच्छेद —१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "गजुरी गाउँपालिकाको त्रिशुली नदिमा जल यातायात सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. यो कार्यविधिको क्षेत्रः गजुरी गाउँपालिकाको उत्तरपूर्व गल्छी गाउँपालिका र गजुरी गाउँपालिकाको सिमाना देखि पश्चिममा बेनिघाट रोराङ्ग गाउँपालिकाको सिमाना सम्मको गजुरी गाउँपालिका तर्फको त्रिशुली नदि क्षेत्रको दुवै तर्फ रहने छ । गजुरी गाउँपालिकाले आफ्नो क्षेत्रधिकार भित्र कार्यपालिका बैठकबाट पारित गरी कार्य आरम्भ गर्नेछ ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, –

क) "गाउँपालिका" भन्नाले गजुरी गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले गजुरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "कार्यालय" भन्नाले गजुरी गाउँपालिकाको कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) " प्रमुख" भन्नाले गजुरी गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गजुरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्नेछ ।

छ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जल यातायात सञ्चालन गर्न सम्बन्धित मन्त्रालयबाट ईजाजत प्राप्त तथा गजुरी गाउँपालिकाबाट अनुमति प्राप्त व्यक्ति वा कम्पनीलाई सम्झनुपर्छ ।

ज) "सेवा शुल्क" भन्नाले अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको सेवा उपयोग गरे बापत बुझाउनु पर्ने शुल्क सम्झनुपर्दछ ।

झ) "दस्तुर" भन्नाले व्यवसाय दर्ता, नविकरण, बिलम्ब र नक्कल प्राप्त गर्न गजुरी गाउँपालिकालाई बुझाउनु पर्ने दस्तुर भन्ने बुझिन्छ ।

ञ) "अनुगमन समिति" भन्नाले गजुरी गाउँपालिकाको अनुगमन समिति सम्झनु पर्दछ ।

## परिच्छेद–२

## उद्देश्य र क्षेत्र

४. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाको सीमानामा रहेको त्रिशुली नदिमा अव्यवस्थित तरिकाले सञ्चालनमा रहेका जल यातायात नदीमा चल्ने ढुङ्गा लगायत मोटर तथा इन्जिन जडित साधनलाई थप व्यवस्थित गराई सञ्चालन अनुमति दिने ।

ख) जल यातायात सञ्चालन सम्बन्धि नियमन तथा राजश्व संकलन गर्ने ।

ग) जलयात्रा गर्ने यात्रुको सुरक्षा गर्न लगाउने ।

घ) जलयात्रा गर्ने यात्रु तथा जल यातायात सञ्चालन गर्ने अन्य व्यक्तिहरुको दुर्घटना विमाको व्यवस्था गर्न लगाउने ।

५. कार्यक्षेत्र : यस कार्यविधिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

(क) गजुरी गाउँपालिकाको उत्तरपूर्व गल्छी गाउँपालिका र गजुरी गाउँपालिकाको सिमाना देखि पश्चिममा बेनिघाट रोराङ्ग गाउँपालिकाको सिमाना सम्मको गजुरी गाउँपालिका तर्फको त्रिशुली नदि क्षेत्रको दुवै तर्फ रहने छ ।

## परिच्छेद–३

६. इजाजत/अनुमति सम्बन्धि व्यवस्थाः

क) इजाजत र अनुमति नलिई जलयात्रा व्यवस्था सञ्चालन गर्न नहुनेः यस कार्यविधि बमोजिम इजाजत र अनुमती नलिई कसैले पनि जलयातायात व्यवसाय सञ्चालन गर्न हुदैन ।

ख) इजाजत लिनुपर्ने : संघीय सरकारबाट IEE तथा वातावरणीय अध्ययन प्रतिवेदन लगायतका तोकिएका मापदण्ड पुरा गरी सञ्चालकले तोकिएको स्थानमा सञ्चालनको निम्ति इजाजत लिनुपर्नेछ ।

ग) अनुमतिको लागि दरखास्त दिनु पर्नेः जलयातायात व्यवस्थापन सञ्चालन सञ्चालकहरुले अनुसूचि (१) बमोजिमको ढाँचामा गजुरी गाउँपालिकाको प्रमुख समक्ष दरखास्त दिनुपर्नेछ ।

घ) गाउँपालिका प्रमुख समक्ष पर्न आएका दरखास्त छानविन समितिको बैठकबाट छानविन गरी अनुसूची (२) को ढाँचामा अनुमति प्रदान गरिने छ ।

ङ) जल यातायात व्यवसाय सञ्चालन गर्दा यस कार्यविधिले तोके बमोजिमका सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ ।

च) यस कार्यविधि लागू हुँदाका बखत सञ्चालन रहेका न्यूनतम मापदण्ड पुरा भएका मोटरबोट कम्पनीहरुलाई बढीमा ३ (तिन) महिनाको समय अवधि दिई आवश्यक प्रकृया पुरा गर्न वडा कार्यालयको सिफारिस समेतको आधारमा एकपटकका लागि अवसर प्रदान गरिनेछ । उक्त अवधिमा समेत संघीय सरकारबाट तोकिएका मापदण्ड पुरा गरी इजाजत नलिएमा उक्त व्यवसायहरु स्वत: हटाइनेछ । सबै कम्पनीहरुले यसै कार्यविधिमा तोकिए बमोजिम सेवा शुल्क तथा मनोरञ्जन कर बुझाउनु पर्नेछ ।

छ) त्रिशुली नदीको किनार अन्तर्गत मोटरबोट सञ्चालन गर्दा गजुरी १ रुद्रेश्वर शिवालय मन्दिर भन्दा मुनीबाट मोटरवोट संचालन गर्नुपर्नेछ ।

ज) सञ्चालनका लागि स्थान उपलब्ध गराउदा IEE लगायतका वातावरणीय अध्ययन प्रतिवेदन अनुसार ईजाजत प्राप्त कम्पनीलाई स्टेशनका लागि स्थान उपलब्ध गराइनेछ ।

## परिच्छेद –४

७. इजाजत/अनुमति पत्र नविकरण गर्नेः यो कार्यविधि बमोजिम जलयातायातका लागि दिइएका अनुमति पत्र आर्थिक वर्षको अन्तिम सम्म नविकरण गर्नु पर्नेछ । म्याद समाप्त भएपछि नविकरण गराउँदा थप दस्तुर लाग्नेछ । अनुमतिपत्रको नविकरण गराउँदा अनुसूची - ५ वमोजिम दस्तुर लाग्नेछ ।

## परिच्छेद ५

८. सुरक्षा सम्बन्धी व्यवस्था:

क. जल यातायात सञ्चालनका लागि आवश्यक न्युनतम सुरक्षाको व्यवस्था सम्बन्धित, सञ्चालकले गर्नुपर्नेछ ।न्युनतम सुरक्षात्मक उपकरणहरु अनुसूची ३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

ख. यात्राको क्रममा कुनै ढुर्घटना भई घाइते अङ्गभङ्ग वा मृत्यृ भएमा घाईतेको उपचार र मृतक विमा वापतको रकम सञ्चालकले उपलब्ध गराउनु पर्नेछ । विमा सम्बन्धी व्यवथा अनुसूची (४) मा उल्लेख भए बमोजिम हुनुपर्नेछ।

ग. सुरक्षीत र प्रचलित कानुन बमोजिम मापदण्ड पुगेको डुङ्गा, बोर्ट वा वाटर मोटरवोट मात्र प्रयोग गर्न पाइनेछ ।

घ. मेशिनरी वा म्यानुअल बोट चालकको बोट चलाउने अनुमति वा लाइसेन्स अनिवार्य रुपमा हुनुपर्नेछ ।

ङ. यात्रु वा सेवाग्राही वा ग्राहकको सुरक्षा प्रबन्ध गर्न लाइफ ज्याकेट, हेलमेट, वाटर टयुव आदिको व्यवस्था हुनुपर्नेछ ।

च. कुनै दुर्घटना घटेमा उद्धारको लागि रेस्क्यु टिमको व्यवस्था हुन पर्नेछ ।

## परिच्छेद ६

९. अनुमति पत्र खारेज गर्न सकिने व्यवस्था : १) अनुमति पत्र प्राप्त व्यक्ति वा कम्पनि यो कार्यविधिमा उल्लेखित प्रावधान अनुसार संचालन नभएका व्यक्ति/कम्पनि वा फर्महरुको इजाजत कुनै पनि समयमा सम्बन्धीत निकायले रद्द गर्न सक्ने छ । यस कार्यविधि विपरीत कुनै काम गरेमा उपदफा (१२) वमोजिम गठित समितिले अवधि तोकी त्यस्तो सुधार गर्न आदेश दिन सक्नेछ ।

२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले आवश्यक सुधार नगरेमा त्यक्ति वा कम्पनीले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ ।

३) उपदफा (२) वमोजिम अनुमति पत्र खारेज अघि सम्बन्धित प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनसिव मौका दिनुपर्नेछ ।

## परिच्छेद ७

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

१०.सजाय सम्बन्धी व्यवस्था : १) प्रचलित कानून र यस कार्यविधिमा उल्लेख भए बमोजिम नियम उल्लंघन गरेमा निजलाई स्थानीय अनुगमन समितिको निर्णयमा गाउँ कार्यपालिकाले बढीमा बीस हजार सम्म जरिवाना गर्न सक्नेछन् र त्यस्ता कसूर बाट कसैंको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति सञ्चालनको जायजेथाबाट भराई दिन सक्नेछ ।

२) यस कार्यविधि बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलयातायात सम्बन्धी व्यवसाय सञ्चालन गरेमा अनुगमन समितिको निर्णयमा गाउँ कार्यपालिकाले पहिलोपटक २० हजार रुपैया सम्म जरिवाना गर्न र दोश्रो पटकको लागि ५० हजार जरिवाना लिन सक्नेछ ।

३) कसैले वदनियतसाथ कुनै स्थानीय संरचना वा त्यस्तो संरचनामा असर पार्ने असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुप्याएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको बिगो असुल गरी निज लाई विगो बमोजिम जरिवाना गराई वा नियम अनुसार कारवाहीको लागी कार्यपालिकामा सिफारिस गर्ने ।

४) सेवा रोक्न सक्ने : सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा अनुगमन समितिको निर्णयमा गाउँपालिकाले त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

## परिच्छेद ८

११. पूर्वाधार उपयोग सेवा/मनोरञ्जन शुल्क सम्बन्धि व्यवस्था : १) यस कार्यविधि बमोजिम जल यातायात संचालन सम्बन्धमा अनुमति दिदा उठ्न आएको पूर्वाधार उपयोग शूल्क एवं सञ्चालन सेवा शुल्क वापतको राजस्व रकम गाउँपालिकाको आन्तरिक राजस्व खाता गरिनेछ ।

२) सेवा शुल्क सम्बन्धी व्यवस्था :

क) जल यातायात ब्यवसाय गाउँपालिकामा दर्ता नगरी संचालन गर्न पाइने छैन ।

ख) जल यातायात ब्यबसाय गाउँपालिकामा दर्ता गर्दा आथिक ऐनमा तोकिएको भए सोहि बमोजिम र नतोकिएको हकमा अनुसूची ८ मा उल्लेख भए बमोजिम हुनेछ ।

ग) जल यातायात ब्यबसाय सम्बन्धमा पर्यटन शुल्क वापत प्रदेश आर्थिक ऐन बमोजिम मनोरञ्जन कर लाग्नेछ ।

घ) मोटरबोट सञ्चालन दुरी तथा सञ्चालन समयको आधारमा रु. २५०/- देखी रु. ५००/- रुपैया सम्म टिकट दस्तुर कायम गर्न सकिनेछ ।

ङ) मोटरबोट सञ्चालनका लागि त्रिशुली नदीको किनारमा अनुसूची (६) मा उल्लेख भए वमोजिम अस्थायी रुपमा स्टेशन स्थापना गर्न त्रिशुली नदी किनार दफा १२ (१) बमोजिमको समितिको सिफारीस बमोजिम गाउँपालिकाबाट स्थान उपलब्ध गराईनेछ ।

छ) जल यातायात व्यवसायले रकम असुल गर्ने नगदी रसिद गाउँपालिकाको कार्यालयबाट प्रमाणित गरि लैजानु पर्नेछ ।

## परिच्छेद—९

१२. मोटरबोट संचालन एवं संचालन हुने क्षेत्र तथा दायरा: १) गजुरी गाउँपालिका अन्तर्गत त्रिशुली नदीमा मोटरबोट सञ्चालन सम्बन्धमा : सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन बिभागबाट सहमति तथा इजाजत प्राप्त कम्पनि वा घरेलु तथा साना उद्योग कार्यालयमा समेत दर्ता भएका फर्महरुलाई स्विकृत प्रारम्भिक वातावरणीय प्रतिवेदनको आधारमा तपसिल वमोजिमको समितिबाट छानबीन गरी सञ्चालन अनुमति दिइनेछ ।

क) गाउँपालिका अध्यक्ष .............संयोजक

ख) गाउँपालिका उपाध्यक्ष ..........सदस्य

ग) सम्बन्धित वडाको वडाध्यक्ष .............सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत ............सदस्य

ङ) प्राविधिक शाखा प्रमुख ................सदस्य

च) राजश्व शाखा प्रमुख .................सदस्य सचिव

२) मोटरबोटको स्टेशन स्थापना तथा संचालन सम्बन्धमा : सम्बन्धित मन्त्रालयबाट ईजाजत प्राप्त गरी गजुरी गाउँपालिकाबाट बिधिवत रुपमा व्यवसाय दर्ता गरी अनुमति प्राप्त कम्पनिले गाउँपालिकाको क्षेत्राधिकार भित्र IEE स्विकृत गर्दाका बखत तोकिएको स्थानमा स्टेशन राख्नु पर्नेछ । पूर्व अनुमति वेगर अन्यत्र स्थानीय तहको क्षेत्राधिकार एवं अन्यत्र स्थानमा स्टेशन राख्न पाइनेछैन ।

## परिच्छेद १०

१३. बाधा अड्काउ फुकाउ तथा व्याख्या: यस कार्यविधिको अन्तिम व्याख्या एवं बाधा अड्काउ फुकाउने कार्य गाउँ कार्यपालिकाले गनेछ ।

१४. परिमार्जन तथा संशोधन : यस कार्यविधिलाई आवश्यकता अनुसार गजुरी गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## अनुसूची—१

(कार्यविधिको परिच्छेद—३, दफा ६(ख) सँग सम्बन्धित)

अनुमतिका लागि दिईने दरखास्त ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गजुरी, धादिङ

विषयः जल यातायात सञ्चालन अनुमति पाउँ भन्ने सम्बन्धमा ।

महोदय,

म निवेदक/सञ्चालक फर्म ........................................................................... ले त्रिशुली नदिमा जल यातायात सञ्चालन गर्नका लागि यो निवेदन गरेको छु । मैले पेश गरेका संलग्न कागजात प्रमाण र अन्य भौतिक अवस्था समेतको अनुगमन गरी जल यातायात सञ्चालन कार्यविधिले निर्धारण गरेको क्षेत्रभित्र मात्रै यातायात सञ्चालन गर्न पाउने अनुमति पाउन अनुरोध छ ।

क. कम्पनि/फर्म/व्यक्तिको पुरा नाम, थरः

ख. कम्पनि/फर्म/व्यक्तिको पुरा ठेगाना थरः

ग. जल यातायात सञ्चालन गर्ने स्थानः

घ. पुँजी :

संलग्न कागजतपत्रहरुः

क. नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपी

ख. फर्म दर्ताको प्रमाण पत्र ।

ग. सञ्चालक फर्म/कम्पनिको आदेशानुसारको विमाको प्रकृयाका कागजात

घ. स्वघोषणा पत्र

ङ. नविकरण गरेको प्रमाणपत्र ।

दरखास्तवालाको नामः

हस्ताक्षरः

मितिः

ना.प्र.नं.

सम्पर्क नं.

**अनुसूचि —२**

परिच्छेद —३ को दफा ६(ग) सँग सम्बन्धित

गजुरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गजुरी , धादिङ

**<u>बिषय : अनुमतिको प्रमाणपत्र ।</u>**

श्री...................................................

...................................................... ।

महाशय,

तपाई...............................................................फर्म/कम्पनि/व्यक्तिलाई त्रिशुली नदिमा..........................किसिमका जल यातायात..............................जल सञ्चालन गर्न ..............................कार्यविधिको दफा ६ ग अनुसार अनुमति प्रदान गरिएको छ ।

अनुमति दिने अधिकारी
नाम :
दर्जा :
दस्तखत :
मिति :

द्रष्टव्य : सम्बन्धित अनुमति माग गरिएको फर्म/कम्पनि/व्यक्ति नेपाल सरकारले नियमानुसार कालो सुचीमा परेको पाईएमा अनुमति दिइने छैन । अनुमति लिईसकेको भए जुनसुकै बखत अनुमति रद्द गरिने छ ।

## अनुसूचि –३

परिच्छेद –४ को दफा ८(क) सम्बन्धित

यात्रु सुरक्षाका लागि सञ्चालकले गर्नुपर्ने व्यवस्थाः

क. प्रत्येक यात्रु बराबरको संख्यामा लाईफ ज्याकेट,हेलमेट, वाटर टयूव आदिको व्यवस्था हुनुपर्ने छ ।

ख. प्रत्येक यात्रु संख्या बराबरको संख्यामा हेलमेट ।

ग. प्रत्येक बोटमा आपतकालिन सुरक्षा दिन सक्ने जनशक्तिको व्यवस्थापन ।

घ. उद्धारको लागि रेस्क्यू टिमको व्यवस्था हुनुपर्ने ।

ङ. मेशिनरी वा म्यानुअल बोट चालकको बोट चलाउने अनुमति वा लाइसेन्स अनिवार्य रुपमा हुनुपर्ने ।

## अनुसूचि –४

परिच्छेद –४ को दफा ८(ख) सम्बन्धित

क) यात्रुको मृत्यु विमा कम्तिमा १० (दश) लाखको हुनुपर्ने ।

ख) यात्रु अंगभंङ्ग/घाइते भएमा सम्बन्धित सञ्चालक/फर्म/कम्पनी/व्यक्तिलेनै उपचार गर्नुपर्ने छ ।

ग) जल यातायात सञ्चालनको लागि आवश्यक पर्ने सूरक्षाका न्यूनतम मापदण्ड सञ्चालकले पूरा गर्नूपर्नेछ ।

## अनुसूचि –५

परिच्छेद –४ को दफा ७ सँग सम्बन्धित

म्याद समाप्त भए पश्चात विलम्ब शुल्क

| क्र.सं. | मोटरबोटको संख्या | विलम्ब शुल्क रु. |
|---|---|---|
| १ | जेट बोट संख्या १ | रु.१०,०००/- |
| २ | जेट बोट संख्या २ | रु.२०,०००/- |
| ३ | जेट बोट संख्या ३ देखि माथि | रु.३०,०००/- |

## अनुसूचि –६

परिच्छेद –८ को दफा ११(२) सम्बन्धित

त्रिशुली नदी किनारमा सञ्चालित मोटरबोट कम्पनिलाई तपसिल वमोजिमको क्षेत्रफलमा नबढ्ने गरि स्थान उपलब्ध गराईनेछ ।

| क्र.सं. | मोटरबोटको संख्या | क्षेत्रफल(मोहडा) |
|---|---|---|
| १ | जेट बोट संख्या १ | IEE बमोजिम |
| २ | जेट बोट संख्या २ | IEE बमोजिम |
| ३ | जेट बोट संख्या ३ देखि माथी | IEE बमोजिम |

## अनुसूचि –७

परिच्छेद –८ को दफा ११(२) सम्बन्धित

त्रिशुली नदी किनारमा सञ्चालित मोटरबोट कम्पनिहरुलाई तपसिल वमोजिमको बार्षिक व्यवसाय शुल्क ।

| क्र.सं. | मोटरबोटको संख्या | व्यवसाय दर्ता शुल्क रु. |
|---|---|---|
| १ | जेट बोट संख्या १ | २०,०००/- |
| २ | जेट बोट संख्या २ | ३०,०००/- |
| ३ | जेट बोट संख्या ३ | ४०,०००/- |
| ४ | जेट बोट संख्या ४ | ५०,०००/- |
| ५ | जेट बोट संख्या ५ | ६०,०००/- |
| ६ | जेट बोट संख्या ६ भन्दा माथि बढीमा दश वटा सम्म | ७०,०००/- |

**आज्ञाले,**

**होम बहादुर राउत**

**प्रमुख प्रशासकीय अधिकृत**